# श्री देवदह साझेदारी वन उपभोक्ता समुह

## देवदह न.पा-१०, चरगें, रूपन्देहि

### काठ/दाउराकटान मुछानको लागी दरभाउपत्र आब्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१४**

श्री डिभिजन वन कार्यालय, रूपन्देहिको च.नं. २०४४ मिति २०८१/१२/११ गतेको कटान सहमती पत्र बमोजिम यस देवदह साझेदारी वन उपभोक्ता समूहको स्विकृत वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा यस साझेदारी वन क्षेत्रमा तपसिलको सव-कम्पार्टमेन्टमा छपान भएका पुनरुत्पादन कटान (Regeneration felling) गरिने रुखहरुको काठ र दाउरा कटान मुछान गरी घाटगद्दीमा संकलन गर्ने कार्य गर्नु पर्ने भएकोले शिलवन्दी दरभाउपत्रद्धारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न ईच्छुक काठ/दाउरा संकलन तथा विक्रि वितरणमा दर्ता भएका संघ,संस्था फर्मले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन (संक्षिप्त सूचना मिति २०८१/१२/१४ गते मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित) पहिलो पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) काठ दाउरा कटान मुछान र संकलन गर्ने कार्य आफुले कबोल गरेको दर रेटमा गर्नुपर्ने छ । कटान मुछान र संकलन गर्नु पर्ने जात, रुख संख्या र परिमाणको मुल्यांकन यस प्रकार रहेको छ ।

| क्र.सं. | ठेक्का नं | प्लटको नाम | कार्य विवरण | दुरि | रुख संख्या | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | अनुमानित लागत रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-०८१/०८२ | PB1 ASB 7A | पुनरुत्पादन रुख कटान,लोडिङ,ढुवानी,बोक्रा निकाल्ने,अलोडिङ,पाइल/ चट्टा निर्माण | ५-१० कि.मि. | २६८ | ६०४२.६४ | २३.६५ | १२७१५०४.५७ |
| | | जम्मा | | | २६८ | ६०४२.६४ | २३.६५ | |
| २ | २-०८१/०८२ | PB1 ASB 7A | पुनरुत्पादन रुख कटान,लोडिङ,ढुवानी,बोक्रा निकाल्ने,अलोडिङ,पाइल/ चट्टा निर्माण | ०-५ र ५-१० कि.मि. | २०१ | ५४२७.५८ | १९.०५ | १२३१९९९ |
| | | PB1 ASB 7B | | | १६ | ६०३.५३ | २.२३ | |
| | | जम्मा | | | २१७ | ६०३१.११ | २१.२८ | |

२) दरभाउपत्र खरिद तथा दाखिला मिति

क) दरभाउपत्र खरिद मिति : २०८१।१२।२८ कार्यालय समय भित्र

ख) दरभाउपत्र दाखिला मिति : २०८१।१२।२९ दिनको २ : बजे सम्म

३) इच्छुक दरभाउपत्र खरिदकर्तालि नेपाली नागरिकताको प्रमाण पत्र, कारोवार दर्ता प्रमाण, मु.अ.कर दर्ता प्रमाण कर चुक्ता प्रमाणपत्र, समेत संलग्न राखी दरभाउपत्रको लागि यस समूहको कृषि विकाश बैंकको, शाखा कार्यालय, भैरहवामा रहेको खाता नं ०४१४६०१०५९३७९०१७ मा रु. १०००।०० (फिर्ता नहुने) तिरेको सक्कल भौचर वा नगदी रसिद संलग्न राखी यस समूहको कार्यालय, डिभिजिन वन कार्यालय, रूपन्देहि र प्रदेश वन निर्देशनालय बुटवल, रुपन्देहीबाट प्राप्त गर्न सक्नेछ । जसको नामवाट दरभाउपत्र खरिद गरिएको छ सोहीको नाममा दरभाउपत्र दाखिला हुनु पर्नेछ ।

४) दरभाउपत्र दाखिला कर्तालि सकार रकमको १० प्रतिशतले हुन आउने रकम लट अनुसार हुन आउने धरौटी रकम यस समुहको शाखा कार्यालय भैरहवामा रहेको कृषि विकाश बैंकको खाता नं ०४१४६०१०५९३७९०१७ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

५) दरभाउपत्र खाममा सिलवन्दी गरी (ना.प्र.प., कारोवार दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण, आ.व.०८०/०८१ को कर चुक्ता प्रमाण पत्र समेत) खामको बाहिर सिलवन्दी संख्या, सिल संकेत दरभाउपत्रदाताको पुरा नाम, थर, वतन, सम्पर्क ठेगाना र सम्पर्क फोन नं. तथा देवदह साझेदारी वनको काठ/दाउरा कटान तथा संकलन कार्यको दरभाउपत्र उल्लेख गरी शिलवन्दी खाम पेश गर्नु पर्नेछ । अधुरो तथा अस्पष्ट ठेगाना उल्लेख भई पत्राचार गर्दा फरक परेमा कार्यालय जवाफदेही हुने छैन ।

Bitu
आकाश ...
अध्यक्ष

## श्री देवदह साझेदारी वन उपभोक्ता समुह
### देवदह न.पा-१०, चरगें, रूपन्देहि

६) म्याद भित्र पर्न आएका शिलवन्दी दरभाउपत्रहरु मिति २०८१।१२।३० गते दिनको १.०० वजे डिभिजन वन कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा देवदह साझेदारी वनको कार्यालय, देवदह न.पा. वडा नं. १०,चरगें, रूपन्देहिमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७) दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

८) दरभाउपत्र दाखिला गर्ने/खोल्ने मितिमा सार्वजनिक बिदा परेमा सो कार्य कार्यालय खुल्ने मितिमा हुनेछ ।

९) दरभाउपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समुहमा निहित रहने छ । कारणवश दरभाउपत्र स्विकृत नभएमा दरभाउपत्रदाताले अन्यथा दावी गर्न पाउने छैन ।

१०) दरभाउपत्र स्विकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । दरभाउपत्र स्विकृत भएको मितिले ७ (सात) दिन भित्र यस समितिसँग करारनामा गरी वन प्रवेश ईजाजत लिनु पर्नेछ । दरभाउपत्रदाता स्वयमले कार्यालयमा सम्पर्क राखी दरभाउपत्र स्विकृतिको जानकारी लिनु पर्नेछ ।

११) म्याद भित्र करारनामा गर्न नआउने/कार्य संचालन शुरु नगर्ने दरभाउपत्रदाताको धरौटी जफत गरी दोश्रो/तेश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत गर्न सक्नेछ ।

१२) वन पैदावारको कटान मुछान, घाटगद्धी गर्ने सम्बन्धमा वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुनेछ । म्याद नाघी आएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१३) प्लटको वन प्रवेश प्राप्त गरे पछि छपान लगत बमोजिमका रुखहरु मात्र समूहको प्रतिनिधिको रोहबरमा अन्य रुख बिरुवामा असर नपर्ने गरि कटान मुछान कार्य गर्नु पर्नेछ । कटान मुछान गरि उत्पादन भएको काठ दाउराको सुरक्षा समेत दरभाउपत्र दाताले नै गर्नु पर्नेछ साथै काठ दाउराको हिनामिना भएमा नियमानुसार कारवाही हुनेछ ।

१४) दरभाउपत्रदाताले करारनामामा तोकिएको म्याद भित्र तोकिएको कार्य सम्पन्न नगरेमा निजको दरभाउपत्र साथ राखेको धरौटी जफत हुनेछ ।

१५) यस सूचनामा उल्लेख भए जतिमा सूचना अनुसार र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली, २०६४ साथै प्रचलित कानुन बमोजिम हुनेछ ।

१६) रुख कटानमुछान कार्य डिभिजन वन कार्यालयमा सूचिकृत भएको पावर चेन सः (Power Chain Saw) प्रयोग गरि गर्नु पर्नेछ ।

१७) काठ दाउरा कटानमुछान भई घाटगद्धिमा ढुवानी भई प्लटको अन्तिम चेकजाँच गरी सकेपछि घाटगद्धि रजिष्टरामा उल्लेखित परिमाणलाई प्रति इकाई सकार दररेटले गुना गरी आए बमोजिम अन्तिम भुक्तानी गरिनेछ ।

१८) सूचना बमोजिम दरभाउपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत अमान्य हुनेछ ।